पत्र च.नं.: मु बि बैं/के.का/१४५./२०८१/०८२

मिति : २०८०/०९/०७

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषय : अठारौं वार्षिक साधारण सभा तथा सेयर दाखिल खारेज बन्द (Book Closed) गर्ने सम्बन्धमा ।**

मुक्तिनाथ विकास बैंक लि.को सञ्चालक समितिको मिति २०८१ पौष ७ गते बसेको ३४१ औं बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित प्रस्तावहरु सहित यस विकास बैंकको अठारौं वार्षिक साधारण सभा मिति २०८१ पौष २९ गते सोमबारका दिन विहान ११:०० बजे पोखरा इभेण्ट सेन्टर, बुलौंदी, पोखरा, कास्कीमा गर्ने निर्णय गरेको ब्यहोरा जानकारिका लागि अनुरोध छ ।

**छलफलका विषयहरु :**

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०८०/०८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखापरीक्षक श्री ए. पी. एण्ड एशोसिएट्स, चाटर्ड एकाउण्टेन्ट्स पुनः नियुक्ति हुनका लागि योग्य हुनुहुन्छ ।)

**विशेष प्रस्तावहरु :**

१. काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.-२८, कमलादी, काठमाण्डौ स्थित केन्द्रीय कार्यालयलाई काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.-३ लाजिम्पाट, काठमाण्डौमा स्थानान्तरण गर्नका लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

२. सञ्चालक समितिको बैठकबाट नियुक्त स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही प्रति सेयर रु. १०० का दरले रु.१ अर्ब बराबरको मुक्तिनाथ ८.५% अविमोच्य असञ्चिति अग्राधिकार सेयर **(8.5%, Muktinath Perpetual Non-cumulative Preference Share)** सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात जारी गर्ने ।

४. हाल कायम अधिकृत पूँजी रु.८ अर्बबाट बृद्धि गरी रु.१० अर्ब पुऱ्याउने र सोही अनुसार प्रबन्धपत्रको दफा संशोधन गर्ने ।

५. अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भए पश्चात बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) लाई बृद्धि गरी रु.८,०४,६९,३८,०४९.०८ (अक्षरेपी आठ अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) पुऱ्याउने र सोही अनुसार प्रबन्धपत्रको दफा संशोधन गर्ने ।

६. अग्राधिकार सेयर तथा अविमोच्य ऋणपत्र जारी गर्नका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक थप/संशोधन गर्ने ।

७. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा सोसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

८. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने साथै अग्राधिकार सेयर जारी/दर्ता तथा सूचिकरण लगायत सोसंग सम्बन्धित कार्यहरुको स्वीकृतिका क्रममा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

**९. विविध :**

**द्रष्टव्यः** अठारौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८१ पौष १९ गते (१ दिन) यस विकास बैंकको सेयर दाखिल खारेज बन्द (Book Closed) हुने व्यहोरा सेयरधनी महानुभावहरुलाई जानकारी गराइन्छ ।

डण्डपानी ढकाल
कम्पनी सचिव